सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
Class "A" Institution Licensed by Nepal Rastra Bank

*पत्र संख्या : एसआरबिएल/सिईओ/०८४/२०७९/०८०*

मिति: २०८०/०२/०९

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरवार, काठमाण्डौं ।**

**बिषयः साधारण सभा बस्ने जानकारी सम्वन्धमा ।**

महोदय,

यस सन्राइज बैंक लिमिटेडको मिति २०८०/०२/०८ गते बसेको संचालक समितिको ४१०औं बैठकको निर्णयानुसार बैंकको **पन्ध्रौ वार्षिक साधारण** सभा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । साथै साधारण सभा प्रयोजनको लागि मिति २०८०/०२/२३ गते एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने व्यहोरा समेत अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८० साल असार ३ गते आइतबार (१८ जुन, २०२३) ।**
**समय : विहान ११:०० बजे ।**
**स्थान : आम्रपालि बैंड्क्वेट्स, बालुवाटार, काठमाण्डौं ।**

**भवदिय,**

..................
(सुमन शर्मा)
प्रमुख कार्यकारी अधिकृत

**पुनश्चः साधारण सभामा हुने छलफलका विषयहरु संलग्न बमोजिम रहने छन ।**

# सन्राइज बैंक लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/१०)**

यस बैंकको मिति २०८०/०२/०८ (ई.सं. २२ मई २०२३) मा बसेको सञ्चालक समितिको ४१०औं बैठकको निर्णयानुसार बैंकको **पन्ध्रौं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय तथा स्थानमा भौतिक वा भर्चुअल उपस्थितिबाट भेला भई निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ । अन्य माध्यमबाट सूचना प्राप्त नभए पनि यसै सूचनालाई आधारमानी सम्पूर्ण शेयरधनी महानुभावहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८० साल असार ३ गते आइतबार (१८ जुन, २०२३) ।**
**समय : विहान ११:०० बजे ।**
**स्थान : आम्रपालि बैंङक्वेट्स, बालुवाटार, काठमाण्डौं (भौतिक उपस्थितिका लागि) ।**
**भर्चुअल उपस्थितिका लागि जुम वा अन्य भर्चुअल माध्यम उपलब्ध हुनेछ ।**

(शेयरधनीहरुलाई साधारण सभामा उपस्थितिका लागि अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुन सक्ने गरी व्यवस्था गरिएको तथा नेपाल सरकार वा सम्बन्धित निकायले सभा हुने दिन भौतिक उपस्थिति सिमित गर्न निर्देशन दिएमा सोहि बमोजिम गरिने वा साधारण सभा पूर्ण भर्चुअल गर्न सकिनेछ ।)

**छलफलको विषय:**

**क. सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहितको आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंक तथा बैंकको सहायक कम्पनी सन्राइज क्यापिटल लिमिटेडको आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री गोपाल प्रसाद राजबाहक (जी.पी. राजबाहक एण्ड कम्पनी) पुनः नियुक्तिको लागि योग्य हुनुहुन्न) ।

**ख. विशेष प्रस्ताव**

१. सन्राइज बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव पारित गर्ने ।

२. सन्राइज बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्याङ्कनकर्ता श्री एन. बि. एस. एम एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्सले तयार गरेको सन्राइज बैंक लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन **Due Diligence Audit (DDA)** प्रतिवेदन तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको सन्राइज बैंक लिमिटेड तथा लक्ष्मी बैंक लि. बिचको शेयर आदान प्रदान अनुपात पारित गरी गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

SUNRISE BANK LTD.

३. सन्राइज बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिने अन्तिम सम्झौता पत्र **(Scheme of Arrangement)** तथा अन्य सम्बद्ध सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

४. सन्राइज बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) मा निवेदन गर्न र दुई संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) संग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बनधमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

ग. विविध ।

SUNRISE BANK LTD.

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव